आठविसकोट नगर कार्यपालिकाको ६३औं बैठक मिति २०७८ भाद्र ०६ गतेका दिन नगर प्रमुख श्री गोर्ख बहादुर के.सी.को अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक हलमा बस्यो । उक्त बैठकमा देहायका प्रस्तावहरु निर्णयार्थ पेश गरीयो ।

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री गोर्ख बहादुर के.सी. | नगर प्रमुख | |
| २ | श्री गीता नेपाली | नगर उप प्रमुख | |
| ३ | | नि. प्रमुख प्रशासकिय अधिकृत | |
| ४ | श्री देव बहादुर घर्ती | वडाध्यक्ष-१ | |
| ५ | श्री देव बहादुर यरी | वडाध्यक्ष-२ | |
| ६ | श्री केशरमान वि.क. | वडाध्यक्ष-३ | |
| ७ | श्री बाबुराम विष्ट | वडाध्यक्ष-४ | |
| ८ | श्री प्रजिते कामी | वडाध्यक्ष-५ | |
| ९ | श्री डिल बहादुर सार्की | वडाध्यक्ष-६ | |
| १० | श्री नवराज बुढा | वडाध्यक्ष-७ | |
| ११ | श्री मान बहादर चदारा | वडाध्यक्ष-८ | |
| १२ | श्री तारक बहादुर शाही | वडाध्यक्ष-९ | |
| १३ | श्री गंगाराम चनारा | वडाध्यक्ष-१० | |
| १४ | श्री हस्ते आग्री | वडाध्यक्ष-११ | |
| १५ | श्री खुम्बे कुसारी | वडाध्यक्ष-१२ | |
| १६ | श्री विनोद पुन | वडाध्यक्ष-१३ | |
| १७ | श्री हुकुम बहादुर पुन | वडाध्यक्ष-१४ | |
| १८ | श्री धन्नाम परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री सिता शाह | कार्यपालिका सदस्य | |
| २० | श्री मनकली कामी | कार्यपालिका सदस्य | |
| २१ | श्री कल्पना खड्का | कार्यपालिका सदस्य | |
| २२ | श्री प्रेङ्का यरी | कार्यपालिका सदस्य | |
| २३ | श्री गोरख बहादुर कामी | कार्यपालिका सदस्य | |
| २४ | श्री आसीराम वि.क. | कार्यपालिका सदस्य | |
| २५ | श्री प्रभा मल्ल वि.क. | कार्यपालिका सदस्य | |
| **अन्य उपस्थिति** | | | |
| १ | श्री मान बहादुर बुढाथोकी | प्रशासन अधिकृत | |
| २ | श्री मणिराज शाह | जनस्वास्थ्य निरिक्षक | |
| ३ | श्री गणेश चन्द | सुचना प्रविधि अधिकृत | |
| ४ | श्री जय बहादुर बुढा | प्रशासन सहायक | |
| ५ | श्री तस्वीर परियार | कार्यालय सहयोगी | |
| ६ | श्री दिपक थापा | नगर प्रहरी जवान | |
| | | | |
| | | | |
| | | | |
| | | | |

आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम पश्चिम

**६३ औं नगर कार्यपालिकाको बैठकमा प्रस्तुत भएका प्रस्तावहरु**

| क्र.सं. | प्रस्तावको विवरण | कैफियत |
| --- | --- | --- |
| १ | वर्षायाम पछि सडक/बाटो सञ्चालन सम्बन्धी प्रस्ताव | |
| २ | कोभिड लगायत समग्र स्वास्थ्य स्थितिको समिक्षा सम्बन्धी प्रस्ताव । | |
| ३ | शैक्षिक सत्र २०७८ को वार्षिक कार्यतालिका सम्बन्धी प्रस्ताव । | |
| ४ | श्रम सहकार्य समूहहरुको लागि सहुलियत कर्जा व्यवस्थापन सम्बन्धी प्रस्ताव । | |
| ५ | विविध समसामयिक विषयवस्तुहरु सम्बन्धी प्रस्ताव | |

<u>**६३ औं नगर कार्यपालिका बैठक ( २०७८/०५/०६ गते)का निर्णयहरु**</u>

१. यस नगरपालिकाको वर्षायाम पछी सडक बाटोको अवस्थामा क्षति भई मानिसहरुको आवतजावत र यातायातका साधन सञ्चालनमा अवरोध आएकोले पूर्वाधार विकास शाखाको प्रत्यक्ष निर्देशन र निगरानीमा तत्काल मर्मतसम्भार गर्नु पर्ने भएको र कतिपय ठाँउहरुमा ग्याविन जाली प्रयोग गरी सडक मर्मतसम्भार गरी दैनिक आवागमन सञ्चालन गर्न **सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ मा भएको विशेष परिस्थितिमा खरिद गर्ने व्यवस्था बमोजिम ७ दिनको सूचना प्रकाशन गरि रु. ५०,०००।०० (पचास लाख मात्र) बराबरको ग्याविन जाली आपूर्तीका लागि तत्काल खरिद प्रकिया अघि बढाउने र सो वापतको रकम सडक मर्मत सम्भार शिर्षकबाट भुक्तानी दिने व्यवस्था मिलाउने** निर्णय गरियो ।

२. कोभिड -१९ को दोस्रो लहरको संक्रमण रोकथाम र नियन्त्रणका लागि नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने ५५ वर्ष माथि उमेर समूहका सबै नागरिक, शिक्षक कर्मचारीहरु लगायत प्राथमिकता प्राप्त लक्षित वर्गहरुलाई कोरोना विरुद्वको खोप दिइ सकिएकोअवस्था छ । कोभिड-१९ प्रकोप नियन्त्रण गर्न प्राथमिकता प्राप्त वर्ग बाहेक अन्य समूहहरुका लागि पनि खोप अभियान जारी रहेको छ । कोरोना संक्रमण रोकथाम तथा सचेतनाका लागि मास्क अभियान सञ्चालन गरि प्रचारप्रसार कार्यलाई निरन्तरता दिईएको छ । कोभिड-१९ को कारण समग्र क्षेत्रमा असर पारे पनि यसको सबै भन्दा ठूलो असर शिक्षा क्षेत्रमा परेको निष्कर्ष सहितको समिक्षा गरियो । साथै सो संक्रमण नियन्त्रणका लागि यस्तै प्रकारका खोप अभियान र मास्क अभियान लगायतका थप अभियानहरुलाई निरन्तरता दिने निर्णय गरियो ।

३. कोभिड-१९ को कारण लामो समय देखि भएको लकडाउन तथा निषेधाज्ञाका कारण लामो समयदेखि शैक्षिक क्षेत्रमा यसले पारेको प्रभाव र थप देखिन सक्ने जटिलताहरुको विश्लेषण गरि विद्यालय सञ्चालन सम्बन्धमा के, कसो गर्न उपयुक्त हुने हो ? सो सम्बन्धमा आवश्यक राय, परामर्श लिई विद्यालय सञ्चालनका लागि प्रधानाध्यापकहरुको बैठक तथा शिक्षा समितिको बैठकका लागि शिक्षा, यूवा तथा खेलकुद शाखालाई आवश्यक तयारी सहित विद्यालयको सञ्चालनको आवश्यक रणनीति बनाउन निर्देशन दिने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

गोरख बहादुर के. सी.
नगर प्रमुख

आठबिसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठबिसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

नि. प्रमुख प्रशासकीय अधिकृत

गोर्ख बहादुर के. सी.
नगर प्रमुख

४. यस नगरपालिकाको आर्थिक विकासको प्रमुख संभावना रहेको कृषि क्षेत्रको विकासका लागि विभिन्न बैंकहरु मार्फत प्रदान गरिने सहुलियतपूर्ण कर्जा प्रवाहका लागि प्रत्येक वडाहरुले तत्काल कम्तीमा १० वटा ऋण माग सम्बन्धी श्रम सहकार्य समूहको फाइलहरु तयार गरी बैंकिङ्ग प्रकियामा लैजान वडा कार्यालय/वडाध्यक्षले आवश्यक समन्वय र सहजीकरण गर्न निर्देशन दिने निर्णय गरियो।

५. यस नगरपालिकाको वडा नं २ मा रहेको स्यालाखदी स्वास्थ्यचौकीको स्वामित्वमा रहने गरि विरामी ओसारपसार गर्न आवश्यक पर्ने एम्बुलेन्स आठविसकोट नगरपालिकाको कार्यालय र सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशको साझेदारीमा खरिद गर्न श्री सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशमा माग गर्ने निर्णय गरियो।

६. यस नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री ध्रुब प्रसाद लम्सालको स्वास्थ्य अवस्थामा समस्या उत्पन्न भएको कारण उपचारका लागि पायक पर्ने स्थानमा सरुवाको प्रक्रिया अघि बढी सकेको सन्दर्भमा यस नगरपालिकाको रिक्त हुने प्रमुख प्रशासकीय अधिकृत पदमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४(४) मा भएको व्यवस्था र नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौको मिति २०७७/११/२८ र च.नं. १५७ को परिपत्रानुसार **यस नगरपालिकामा समायोजन भएका ज्येष्ठ अधिकृत कर्मचारी जनस्वास्थ्य निरिक्षक (अधिकृत छैटौं) श्री मणिराज शाह ( संकेत नं १८०५३५) लाई प्रमुख प्रशासकिय अधिकृतको रुपमा अर्को व्यवस्था नभएसम्मका लागि यस नगरपालिकाको निमित्त प्रमुख प्रशासकिय अधिकृतको पदमा आर्थिक तथा प्रशासनिक जिम्मेवारी सहित कामकाज गर्ने गरी तोकी पठाइदिनु हुन श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौमा** लेखि पठाउने निर्णय गरियो।

७. RPM कन्सट्रक्सन प्रा.लि. ले घ वर्गको निर्माण इजाजतका लागि आवश्यक पर्ने सम्पूर्ण कागजात पूरा गरेकोले सो **कन्सट्रक्सनलाई घ वर्गको निर्माण इजाजत पत्र दिने** निर्णय गरियो।

८. यस नगरपालिकाको १ नं. वडामा हालसम्म सडक बाटो नपुगेकोले सो वडामा जति सक्दो चाँडो मोटर बाटो पुऱ्याउनका लागि नेपाली सेनाको हेलिकप्टर प्रयोग गरी स्काभेटर ढुवानी गरी १ नं. वडा कार्यालय देखि २ नं. वडा कार्यालयसम्म मोटर बाटो खन्ने निर्णय गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

नि. प्रमुख प्रशासकीय अधिकृत

गोर्ख बहादुर के. सी.
नगर प्रमुख

आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल